# प्रदेश राजपत्र

प्रदेश नं. २, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड५ )जनकपुरधाम, कार्तिक १६ गते,२०७८ साल(अतिरिक्ताङ्क१०

भाग १

प्रदेश सरकार

कानून, न्याय तथा प्रदेश सभा मामिला मन्त्रालय

## प्रदेश पदक सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सम्वत् २०७८ सालको ऐन नं. ०३

प्रस्तावनाः प्रदेशभित्र विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिलाई प्रदेश सरकारका तर्फबाट कदर तथा सम्मान स्वरूप

पदक प्रदान गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं. २ को प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “प्रदेश पदक ऐन, २०७८” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा, -

(क) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ख) "पदक" भन्नाले दफा ८ बमोजिमको पदक सम्झनुपर्छ ।

(ग) "प्रदेश स्थापना दिवस" भन्नाले प्रदेश सभाको पहिलो बैठक बसेको दिन माघ २१ गतेलाई सम्झनुपर्छ ।

(घ) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय सम्झनुपर्छ ।

(ङ) "प्रदेश सरकार" भन्नाले प्रदेश नं.२ का प्रदेश सरकार, मन्त्रिपरिषद्लाई सम्झनुपर्छ ।

(च) "समिति" भन्नाले दफा ४ बमोजिमको पदक सिफारिस समिति सम्झनुपर्छ ।

## परिच्छेद – २

## पदक प्रदान गर्ने प्रक्रिया

३. **पदक प्रदान गर्न सक्नेः** (१) प्रदेश सरकारले प्रशासन, राजनीति, अर्थ, कानून, साहित्य, विज्ञान, संस्कृति, सामाजिक विकास, वातावरण, पूर्वाधार विकास, पर्यटन, प्रविधि तथा विपद व्यवस्थापन लगायतका क्षेत्रमा प्रदेशभित्र विशिष्ट योगदान पुऱ्याउने व्यक्तिलाई समितिको सिफारिसमा यस ऐन बमोजिम पदक प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका पदक हरेक वर्ष प्रदेश स्थापना दिवस अगावै घोषणा गरिनेछ ।

(३) उपदफा (२) बमोजिम घोषणा गरिएको पदक प्रदेश स्थापना दिवसको दिन प्रदान गरिनेछ ।

(४) प्रदेश सरकारले उपदफा (१) बमोजिम पदक प्रदान गर्दा पदक पाउने व्यक्तिको नाम र निजले प्राप्त गरेको पदकको प्रकार तथा निजले पुऱ्याएको योगदान समेत खुलाई सर्वसाधारणको जानकारीको लागि सार्वजनिक सूचना जारी गर्नेछ ।

(५) उपदफा (४) बमोजिमको सूचना प्रदेश राजपत्रमा प्रकाशन गरिनेछ ।

४. **पदक सिफारिस समितिः** (१) यस ऐन बमोजिम प्रदान गर्ने पदकका सम्बन्धमा प्रदेश सरकार समक्ष सिफारिस प्रस्तुत गर्न देहाय बमोजिमको एउटा पदक समिति रहनेछः-

क) मन्त्री, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय -अध्यक्ष

ख) प्रमुख सचिव वा निजले तोकेको सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

ग) सचिव, अर्थ मन्त्रालय -सदस्य

घ) सचिव, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय -सदस्य

ङ) राष्ट्रिय जीवनमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तिहरूमध्येबाट समावेशी सिद्धान्तको आधारमा मन्त्रिपरिषद्ले तोकेको एक जना महिला सहित दुई जना -सदस्य

च) सम्बन्धित महाशाखा प्रमुख, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय -सदस्य सचिव

(२) समितिको बैठक अध्यक्षले तोकेको समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

५. <u>पदक सिफारिस प्रक्रियाः</u> (१) प्रदेश सरकार अन्तर्गत कार्यरत कर्मचारीको हकमा समिति समक्ष पदकका लागि सिफारिस गर्दा देहायका पदाधिकारीले गर्नु पर्नेछः-

क) प्रमुख सचिवको हकमा मुख्यमन्त्रीले, मन्त्रालयको सचिवको हकमा सम्बन्धित मन्त्रीले र आयोग तथा सरकारद्वारा गठित निकायको हकमा सम्बन्धित आयोगका अध्यक्ष तथा सो निकायका प्रमुखले,

ख) प्रदेश सभा सचिवको हकमा सभामुखले,

ग) प्रदेश सभा सचिवालयका कर्मचारीहरूको हकमा प्रदेश सभाका सचिवले,

घ) मन्त्रालय र सो अन्तर्गतका निकाय तथा कार्यालयका कर्मचारीको हकमा सम्बन्धित सचिवले,

ङ) स्थानीय तहका कर्मचारीको हकमा स्थानीय तहका प्रमुखले,

च) खण्ड (क), (ख), (ग), (घ) र (ङ) मा उल्लिखित व्यक्ति बाहेक अन्य

व्यक्तिका हकमा सम्बन्धित निर्वाचन क्षेत्रबाट निर्वाचित प्रदेश सभाका सदस्यले ।

(२) उपदफा (१) बमोजिम पदकका लागि सिफारिस प्राप्त हुन आएपछि समितिले आवश्यक छानबिन गरी यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पदक प्रदान गर्नका लागि उपयुक्त देखिएका पदाधिकारी, कर्मचारी तथा अन्य व्यक्तिको नामावली तथा निजहरूले पाउनु पर्ने पदकको प्रकार समेत खुलाई पदक प्रदान गर्नका लागि प्रदेश सरकार समक्ष सिफारिस गर्नेछ ।

६. <u>**पदक सिफारिसका आधार:**</u> समिति समक्ष पदकका लागि सिफारिस गर्दा देहायका आधारमा गर्नु पर्नेछः-

क) प्रदेशको गौरव वृद्धि गर्ने कार्यमा विशेष योगदान पुऱ्याएको,

ख) आफ्नो क्षेत्रमा उत्कृष्ट काम गरी प्रदेशको प्रतिष्ठालाई योगदान पुऱ्याएको,

ग) सरकारी सेवासँग सम्बन्धित व्यक्तिको हकमा आफूलाई तोकिएको काम प्रशंसनीय रूपमा सम्पादन गरेको,

घ) कुनै साहसी वा बुद्धिमत्तापूर्ण काम गरी सार्वजनिक हितको लागि अनुकरणीय र विशेष योगदान पुऱ्याएको,

ङ) संघीयता कार्यान्वयन र प्रदेश तहको अधिकार सुनिश्चित गराउन योगदान पुऱ्याएको,

च) राजनीतिक वा सामाजिक क्षेत्रमा उल्लेखनीय योगदान गरेको,

छ) विपद व्यवस्थापनका क्षेत्रमा महत्वपूर्ण कार्य गरेको वा भूमिका निभाएको,

ज) औंद्योगिक वा व्यवसायिक क्षेत्रमा उल्लेखनीय/उदाहरणीय कार्य गरेको ।

७. <u>सुशोभन समारोहः</u> (१) प्रदेश प्रमुखबाट प्रदेश स्थापना दिवसका दिन सुशोभन समारोह बीच पदक प्रदान गरिनेछ ।

(२) सुशोभन समारोहका दिन पदक पाउने व्यक्ति कुनै कारणले उपस्थित हुन नसकेमा निजले सो पदक आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयबाट प्राप्त गर्न सक्नेछ ।

(३) कुनै व्यक्तिलाई कुनै पदक मरणोपरान्त प्रदान गरिएमा वा सुशोभन समारोह हुनु अगावै पदक पाउने व्यक्तिको मृत्यु भएमा निजले पाउने पदक निजको निकटतम हकवालालाई हस्तान्तरण गरिनेछ ।

## परिच्छेद – ३

## पदकको प्रकार र मर्यादाक्रम

८. **पदकको प्रकार**: (१) यस ऐन अन्तर्गत प्रदान गरिने पदक र मर्यादाक्रम देहाय बमोजिम हुनेछः-

क) प्रदेश रत्नः आफ्नो क्षेत्रमा प्रदेशको गरिमा राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरमा बढाएको ।

ख) मुख्यमन्त्री प्रज्वल ताराः आफ्नो क्षेत्रमा अनुकरणीय भूमिका निर्वाह गरेको ।

ग) रमेश महतो पदकः प्रदेशको पहिचान र उत्थानको लागि योगदान पुर्‍याएको ।

घ) प्रदेश जनसेवा पदकः जनस्तरमा लोकप्रिय र प्रशंसनीय काम गर्ने जनप्रतिनिधि र समाजसेवी व्यक्तित्वलाई ।

ङ) प्रदेश समाज सेवाश्रीः समाज सेवा, शिक्षा, स्वास्थ्य, वातावरण, दिगो विकास, समाज सुधार वा साँस्कृतिक विषयमा उल्लेख्य योगदान गर्ने व्यक्तिलाई ।

च) प्रदेश मेधावी पदकः कला, भाषा, साहित्य संगीत, शिक्षा, खेलकुद विधामा उत्कृष्ट योगदान गर्ने व्यक्तिलाई ।

छ) प्रदेश विद्याभूषणः प्रदेश भित्रका विश्वविद्यालयबाट विद्यावारिधि गरी प्रदेशमा बसोवास गर्ने व्यक्तिलाई ।

ज) प्रदेश सेवा उत्कृष्ट पदकः ईमान्दारीपूर्वक, उत्कृष्ट एवं प्रशंसनीय कार्य गर्ने कर्मचारीलाई ।

झ) प्रदेश शैक्षिक उत्कृष्ट पदकः शैक्षिक क्षेत्रमा सर्वोत्कृष्ट योगदान पुऱ्याएका विद्यालयका शिक्षक, प्रधानाध्यापक र विश्व विद्यालयका पदाधिकारीलाई ।

ञ) प्रदेश गौरव पदकः प्रदेश सरकारले मनोनित गरेका विभिन्न निकायमा सेवारत रही कुशलतापूर्वक अनुकरणीय रुपमा जिम्मेवारी पूरा गर्ने व्यक्तिलाई ।

ट) प्रदेश विभूती पदकः संघीयता स्थापनाका लागि जीवन आहुति दिने व्यक्तिलाई ।

ठ) प्रदेश शूरवीर पदकः विपद् उद्धार क्रममा अभूतपूर्व क्षमता प्रर्दशन गरी वीरता र शाहसपूर्ण कार्य गरी उल्लेखनीय योगदान गर्ने व्यक्तिलाई ।

ड) प्रदेश किसान रत्न पदकः कृषि क्षेत्रमा अनुकरणीय कार्य गरी उत्प्रेरक भूमिका खेल्ने किसानलाई ।

ढ) पर्यटन शिखर पदकः प्रदेश भित्रको पर्यटन क्षेत्रको विषयमा उल्लेखनीय योगदान गरेको व्यक्तिलाई ।

ण) समाजिक अभियन्ता पदकः सामाजिक सद्भाव छुवाछुत तथा सामाजिक विभेद अभियन्ता, साँस्कृतिक पहिचानका लागि उल्लेख्य योगदान गरेको व्यक्ति ।

(२) उपदफा (१) मा उल्लेख गरिएको पदकका अतिरिक्त पदक प्राप्त गर्नेलाई प्रदेश सरकारले नगद पुरस्कार समेत प्रदान गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रदान गरिने नगद पुरस्कारको राशी र नगद पुरस्कार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९. <u>पदक लगाउने क्रमः</u> एकभन्दा बढी पदक पाउने व्यक्तिले आफूले पाएका पदक लगाउँदा मर्यादाक्रम अनुसार दाहिने तर्फबाट लगाउनु पर्नेछ ।

## परिच्छेद –४

## <u>विविध</u>

१०. <u>खरिद गर्न सक्नेः</u> कुनै व्यक्तिले आफूले प्राप्त गरेको पदक हराएमा वा नष्ट भएमा आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय वा सो मन्त्रालयले तोकेको ठाउँबाट खरिद गर्न सक्नेछ ।

११. **पदक प्रचलनमा ल्याउन नपाइने:** प्रदेश सरकारबाट प्रदान गरिने पदक जस्तो नाम, बनोट र आकृति कायम गरी कुनै संस्था वा व्यक्तिले कुनै पदक दिन पाइने छैन ।

१२. **पदकको आकारमा हेरफेर वा थपघट गर्न सक्ने:** प्रदेश सरकारले आवश्यकता अनुसार पदकको आकार तथा बनोटमा थपघट वा हेरफेर गर्न सक्नेछ ।

१३. **पदक रद्द गर्न सकिने:** (१) यस ऐन बमोजिम कुनै व्यक्तिलाई प्रदान गरिएको पदकलाई प्रदेश सरकारले देहायको अवस्थामा रद्द गर्न सक्नेछ:

क) आफूले प्राप्त गरेको पदक कसैलाई बिक्री गरेमा वा बन्धकी राखेमा,

ख) आफुले प्राप्त गरेको पदकको मर्यादा विपरीत हुने गरी पदकको प्रयोग गरेमा वा कसैलाई प्रयोग गर्न दिएमा,

ग) प्रदेशको वा मातृभूमिको अपमान वा मानमर्दन गरेमा,

घ) प्रचलित कानून विपरित राष्ट्रको मर्यादामा आघात हुने कुनै कार्य गरेको प्रमाणित भएमा ।

(२) उपदफा (१) बमोजिम कुनै पदक रद्द गरिएमा प्रदेश सरकारले पदक पाउने व्यक्तिको नाम र रद्द गरिएको पदक समेत खुलाई सर्वसाधारणको

जानकारीको लागि सार्वजनिक सूचना जारी गर्नु पर्नेछ र यस्तो सूचना प्रदेश राजपत्रमा समेत प्रकाशन गरिनेछ ।

१४. **पदक स्वेच्छाले फिर्ता गर्न सक्नेः** कसैले यस ऐन बमोजिम प्राप्त गरेको कुनै पदक स्वेच्छाले फिर्ता गर्न चाहेमा त्यस्तो पदक आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयमा बुझाउन सक्नेछन् ।

१५. **नियम बनाउने अधिकारः** यस ऐनको कार्यान्वयन गर्नको लागि प्रदेश सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

१६. **कार्यविधि तथा मापदण्डः** प्रदेश सरकारले यस ऐनलाई कार्यान्वयन गर्नको लागि आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ ।

प्रमाणीकरण मिति:२०७८।०७।१६

आज्ञाले,
दिलिप कुमार प्रधान
प्रदेश सरकारको निमित्त सचिव